म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २०९ शुक्रबार २५ फागुन २०८० ने. सं. ११४४ सिल्लागा 8 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं**

☞ तपाईं हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
☞ हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
☞ १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
☞ रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
☞ रक्तदानमा कुनै धर्म र जात हुँदैन,
☞ रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवन दान हो,
☞ प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडास्थित प्रदेशसभाबाटै अधिकृत अर्याल पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ काभ्रे जिल्ला प्रशासन कार्यालयमा रहँदा दुई विदेशी नागरिकलाई नेपाली नागरिकता दिलाउन भूमिका खेलेको आरोपमा हेटौंडामा कार्यरत् एक अधिकृत पक्राउ परेका छन् ।

बुधवार हेटौंडा उपमहानगरपालिका-१०, स्थित बागमती प्रदेशसभा सचिवालयमा अधिकृत छैठौं तहमा कार्यरत् रामचन्द्र अर्याललाई मकवानपुर प्रहरीले पक्राउ गरेको हो । प्रदेशसभा सचिवालय स्रोतकाअनुसार प्रहरीले अर्याललाई कार्यालयबाटै पक्राउ गरेर लगेको थियो । आफ्नै कार्यालयका अधिकृत पक्राउ पर्दा सभामुख भुवनकुमार पाठक र उपसभामुख अप्सरा चापागाईंले पनि सुईंको नपाएको बुझिएको छ ।





अर्याल यसअघि यातायात कार्यालय काठमाडौं, ठूलो भऱ्याङमा कार्यरत थिए । यातायात कार्यालयबट उनी थोरै समय अगाडि मात्रै काजमा प्रदेशसभा सचिवालय आएका हुन् । अर्यालमाथि सुन तस्करीमा संलग्न रहेका दुई चिनियाँ नागरिकलाई नेपाली नागरिकता दिलाएको आरोप छ । अर्याल २०७५ सम्म काभ्रे जिल्ला प्रशासनमा नायवसुब्बा तहमा कार्यरत् रहेका थिए । उनले नागरिकताको सनाखत गरेर कम्प्युटर प्रणालीमा प्रविष्ट गराएको प्रहरी अनुसन्धानबाट खुलेको थियो ।

यो घटनामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अनुसन्धान गरिरहेको छ । उपसचिव कृष्णबहादुर कटुवाल संयोजकत्वमा रहेको गृह मन्त्रालयको छानबीन समितिले दुई चिनियाँलाई नेपाली नागरिकता दिलाएको पुष्टि गर्दै तत्कालीन अधिकृत खरेल र नासु अर्याललाई कारबाही सिफारिस गरेको थियो । समितिको प्रतिवेदनका आधारमा सिआईबीले अनुसन्धान गरिरहँदा बुधवार अर्याल पक्राउ परेका हुन् । काभ्रे प्रहरीको अनुरोधमा अर्याललाई बुधवार प्रदेशसभा सचिवालयबाटै जिप्रका मकवानपुरको टोलीले पक्राउ गरेको हो ।

अर्यालसहितका कर्मचारी मार्फत् काभ्रे प्रशासनले सुन तस्करलाई वंशजका आधारमा नागरिकता दिइएको प्रहरी अनुसन्धानबाट खुलेको थियो । काभ्रे जिल्ला प्रशासनबाट २० पुस २०७४ मा तिब्बती मूलका बेल्जियन नागरिक दावा छिरिङ र चिनियाँ नागरिक दावाजिन वाङलाई वंशजका आधारमा नागरिकता जारी भएको थियो । छिरिङ र वाङ सुन तस्करी घटनामा पक्राउ परेपछि फर्जी विवरणबाट नागरिता बनाएको रहस्य बाहिर आएको थियो ।

सिआईबीको अनुसन्धानबाट काभ्रे प्रशासनले विदेशी नागरिकलाई नागरिकता दिलाउन नयाँ नागरिकता जारी र राहदानीसम्बन्धी फाँटमा झपेन्द्रराज खरेलसँगै अर्याललाई पनि पठाइएको खुलेको थियो । नयाँ नागरिकता जारी र राहदानीसम्बन्धी फाँटका अर्का प्रमुख प्रशासकीय अधिकृत सीताराम थापालाई हटाएर खरेल र अर्याललाई लगिएको भोलिपल्टै छिरिङ र वाङको नागरिकता बनाएको अनुसन्धानबाट देखिएको हो । त्यतिबेला काभ्रेको प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडा थिए ।

दावाले नीमा तामाङका नाममा र वाङले पासाङ तामाङका नाममा नागरिकता लिएको अनुसन्धानबाट खुलेको थियो । नागरिकता सनाखत गराउने अर्याल र जारी गर्नेमा खरेल रहेको आधारमा उनीहरुमाथि अनुसन्धान भइरहेको हो । दावाले नीमा तामाङका नाममा '३०-०१-७४-११८६८' र अर्का एक चिनियाँले पासाङ तामाङका नाममा '३०-०१-७४-११८६५' नम्बरको नागरिकता लिएका थिए । दावा प्रहरी हिरासतमा र वाङ फरार रहेका छन् ।

छिरिङ र वाङको नागरिकता जारी हुने दिन काभ्रे जिल्ला प्रशासनले खरेलको हस्ताक्षरमा ११८६० देखि ७१ सम्म ११ वटा नागरिकता जारी गरेकामा नीमा र पासाङका नाममा जारी दुवै नागरिकतामा स्थायी ठेगाना नमोबुद्ध नगर पालिका-१, काभ्रे र बाबुको नाम पेमा तामाङ राखिएको छ । नेपाल प्रहरी र गृह मन्त्रालयका छुट्टाछुट्टै संयन्त्रले गरेको अनुसन्धानमा सुन तस्करका नाममा जारी दुईवटा नागरिकतामा स्थायी ठेगानामा पेमा तामाङ भन्ने व्यक्ति नै नभएको भेटिएको हो । नागरिकता लिँदा पेस गर्नुपर्ने बाबुको नागरिकता विवरण पनि प्रशासनको ढड्डामा नरहेको पाइएको अनुसन्धानबाट देखिएको थियो ।

## आशालाग्दा काम गरेर बाहिरिए स्वास्थ्यमन्त्री जोशी

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ बागमती प्रदेशका निर्वतमान मन्त्री उत्तम जोशीले साढे ९ महिना स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालेर बुधवार राजीनामा दिएका छन् ।

सत्तासमीकरणमा फेरबदल आएसँगै नेपाली कांग्रेसबाट मन्त्री नियुक्त भएका जोशीले बुधवार प्रदेशका कांग्रेसका ६ जना मन्त्रीसँगै राजीनामा बुझाएक हुन् । सरकारबाट बाहिरिएसँगै जोशीले आफ्नो ९ महिने कार्यकालको समीक्षा गरेका छन् । उनले स्वास्थ्यक्षेत्रमा गरेका आधा दर्जन आशालाग्दा कामले चर्चा पाएको थियो । अस्पतालमा नि:शुल्क बेड शुल्कदेखि एम्बुलेन्स व्यवस्थापन र पूर्वाधार निर्माणमा उनको काम आशालाग्दो थियो ।



२०८० जेठ ७ मा नेपाली कांग्रेसबाट मन्त्री नियुक्त भएका जोशीले स्वास्थ्यसेवामा गुणस्तर कायम गर्न र सहज सेवा प्रवाहमा आफूले भूमिका खेल्न सकेको अनुभव गरेको बताए । राजनीतिक र कर्मचारीको समस्याका कारण केही अप्ठेरा परिस्थितिलाई समाधान गर्दै अघि बढ्न सफल भएको उनले बताए । नागरिकको सानोभन्दा सानो गुनासोलाई पनि गहन रुपमा अध्ययन गरेर काम गर्दा आफ्नो कार्यकालमा थुप्रै काम गर्न सफल भएको उनले बताए ।

उनका अनुसार विगतको सरकारको तुलनामा आफ्नो साढे ९ महिनाको कार्यकाल निकै फलदायी रहेको बताए । आफू मन्त्री नियुक्त भएदेखि प्रदेश सरकारलाई सफल बनाउन विभिन्न योजनाका साथ काम गर्दै अघि बढेको उनको भनाई छ । मन्त्री निष्पक्ष र पारदर्शी भएर काम गर्ने इच्छाशक्ति भएका असहज वातावरणमा पनि काम गर्न सकिन्छ भन्ने आफूले अनुभव गरेको उनले बताए । नागरिकको सेवामा समर्पित भएर सुशासन र आर्थिक मितव्ययिता कायम गर्ने सके सबै चुनौतीको सहजै सामना गर्न सकिने उनले बताए ।

'बागमती प्रदेशको स्वास्थ्यक्षेत्रको विकासमा ९ महिनाको अवधि महत्वपूर्ण रह्यो । एक हिसाबले यो अवधिमा स्वास्थ्यसेवाको क्षेत्रमा ठुलै फड्को मार्न सकियो । काम गर्ने क्रममा समीक्षा र रिपोर्टिङ अत्यन्त जरुरी रहन्छ । नागरिकको गुनासो सहज, सुलभ र स्तरीय सेवा रहेकाले त्यसमा खरो उत्रन जरुरी हुन्छ,' उनले भने । ९ महिना १६ दिन प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको जिम्मेवारी बहन गरेका उनले आफ्नो कार्यकाल सन्तोषजनक रहेको बताए ।

केही समय राजनीतिक परिवेशका कारण कर्मचारी व्यवस्थापनमा झन्झट व्यहोरेका उनले आफ्नो कार्यकालमा प्रादेशिक अस्पतालमा बिरामी भर्ना सेवा नि:शुल्कदेखि सुत्केरी तथा गर्भवती महिलाको हवाई उद्दारका योजना कार्यान्वयनमा ल्याएका थिए ।

## लागूऔषध ओसारपसारको आरोपमा राई पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिका-८ शान्तिपुरबाट लागूऔषध नाईट्राभेटसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।



बागमती गाउँपालिका वडा नम्बर ८ बस्ने वर्ष २९ को र मेश राईलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । ईलाका प्रहरी कार्यालय फापरवारी मकवानपुरबाट खटिएको प्रहरीटोलीले बुधबार लागुऔषध नाईट्राभेट १८५ ट्याब्लेट सहित राईलाई पक्राउ गरेको छ ।

सडकमा शंकास्पद रुपमा हिँडिरहेको अवस्थामा राईलाई रीतपूर्वक खानतलासी गर्दा उनको साथबाट लागूऔषध नाईट्राभेट फेला परेको प्रहरीले जनाएको छ । राईलाई नियन्त्रणमा लिएर मकवानपुर जिल्ला अदालतबाट ९ दिनको म्याद अनुमति लिएर थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

## मियाको अध्यक्षतामा कुस्ती संघ

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ मकवानपुरमा नेपाल कुस्ती संघको जिल्ला कार्यसमिति गठन भएको छ । जुनेजु मियाँको अध्यक्षतामा बिहीबार हेटौंडामा ७ सदस्यीय कार्यसमिति गठन भएको हो ।

समितिको उपाध्यक्ष प्रकाश सुवेदी, सचिव अलि हुसेन मियाँ धुनियाँ, कोषाध्यक्ष अल्लाउदिन अन्सारी, सदस्यहरुमा जयस मियाँ, अन्जली श्रेष्ठ र अदाम हुसेन चयन भएका छन् । समितिको सल्लाहकारमा पूर्णभक्त लामा चयन भएका छन् ।

नेपाल कुस्ती संघका केन्द्रीय कोषाध्यक्ष जब्स मियाँको प्रमुख आतिथ्यता, संघका केन्द्रीय सदस्य सानु लामाको विषेश आतिथ्यता तथा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्कीको रोहबरमा समिति गठन गरिएको हो ।

संघले जिल्लामा कुस्तीको खेलाडी उत्पादन र प्रशिक्षणको कार्य अघि बढाउने समितिका अध्यक्ष मियाँले जानकारी दिए ।

**खुल्यो ! खुल्यो ! खुल्यो !**

**बाजेको सेकुवा कर्नर**

हेटौंडा-१०, साप्ती पुलसँगै जोडेको बाँया पट्टी

**हाम्रा विशेषताहरु:**

☞ सेकुवा ☞ लोकल खसीको मासु
☞ लोकल माछा ☞ लोकल कुखुराको मासु
☞ खाना, ढिडो आदि पाइन्छ ।

**होम डेलिभरीको पनि व्यवस्था रहेको छ ।**

खुल्ने समय :
(बिहान ८:०० बजे देखि राती १०:०० बजेसम्म)

प्रो. दुर्गा प्रसाद भण्डारी
सम्पर्क नं.: ९८४३६११५५५

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

brother
at your side

Japanese Excellence

Nepal's No.1

Brother Printer नि:शुल्क
सर्भिस क्याम्प
र एक्सचेन्ज अफर २०८०

School Road
हेटौंडा, मकवानपुर

फागुन २४,२५,२६ गते



Print Shop
Support By Toner House
9855071140 057527041
tonerhouse4@gmail.com

In association with
baleyo.com SAGAR

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७८२८४१४, ९८४५८२३५६९

साझाकुरा

## हाम्रो कुरा

# तामाङ पाठ्यक्रम प्रशिक्षण

थाहा नगरपालिकाले तामाङ जातिको मातृभाषामा स्थानीय बालबालिकालाई पठनपाठन गराउने तयारी गरेको छ । मातृभाषा सबै जातिका नागरिकको नैसर्गिक अधिकार हो । शिशुको बोली फुट्ने समयदेखि नै मातृभाषामा बोल्न सिकाउने कार्यलाई महत्वपूर्ण मानिन्छ । मातृभाषामा बालबालिकालाई पढाउने कार्य थप जरुरी छ । किन भने कतिपय बालबालिकाले मातृभाषामा बोलचाल गरेको बुझ्ने तर, नेपाली वा अंग्रेजी भाषा नबुझ्ने पनि छन् । सकिन्छ भने तामाङ भाषा मात्र नभई संगोटा लिपिको पनि जानकारी गराउनु पर्दछ । नेपाल भाषाको रंजना लिपि जति सहज संगोटा लिपि उपलब्ध छैन ।

लिपिका बारेमा अध्ययन गर्न गराउन धेरै ढिलाई भइसक्यो । स्थानीय तहको भाषा नीतिनिर्माण तथा तामाङ मातृभाषा शिक्षा कार्यक्रम थाहा नगरपालिकामा सुरु भएपछि तामाङ भाषा, लिपि प्रवर्द्धन तथा पाठ्यक्रम प्रबोधिकरण अन्तर्गत तीनदिने पुनर्ताजगी कार्यक्रम थाहामा हालै सम्पन्न भएको छ । नेपाल तामाङ घेदुङ थाहानगर तथा जिल्ला समन्वय समिति, थाहा नगरपालिकाको समन्वयमा तीनदिने पुनर्ताजगी गरिएको हो । मातृभाषा तथा स्थानीय विषयमा शिक्षा गुणस्तरीय तथा वैज्ञानिक शिक्षाको सुनिश्चितता भन्ने उद्देश्यकासाथ थाहा नगरपालिकामा यो कार्यक्रमको सुरुवात गरिएको हो । जिल्लाका १० स्थानीय तहमध्ये मातृभाषा तथा स्थानीय विषयक कार्यक्रम गराउँनेमा पहिलो पालिका थाहा नगरपालिका भएको दाबी गरिएको छ । मातृभाषामा शिक्षा भनेको व्यक्तिले बोल्ने पहिलो भाषा हो । यही भाषामा पठनपाठन गर्नु भनेको यही भाषी बालबालिकाले राम्रोसँग बुझ्नु पनि हो । यो विषयले विश्वका विभिन्न देशमा मौलिकअधिकार सरहको अधिकार प्राप्त गरेको छ । मातृभाषा भन्दा अन्य भाषाको प्रचलन बढी भएको ठाउँमा मातृभाषा शिक्षाका विषयले महत्व पाएको छ । मातृभाषामा शिक्षा दिनु भनेको विद्यालयमा अध्ययनरत बालबालिकालाई उसैको घरमा बोलिने भाषा बोलेर शिक्षणसिकाइ गर्ने पद्धति हो । कुनैपनि समुदायका बालबालिकालाई आफ्नै मातृभाषामा शिक्षा दिनसकेको खण्डमा बालबालिकाले राम्रोसँग बुझ्न सक्छन् । थाहाको सामुदायिक विद्यालयमा कम्तिमा कक्षा १–३ सम्म मातृभाषाको माध्यमबाट शिक्षा दिइने नगरपालिकाले जनाएको छ ।

त्यसभन्दा माथि मातृभाषा विषय पढाउन सकिने स्थापित मान्यता र सिद्धान्तलाई व्यवहारमा लागू गरेको नगरपालिकाले जनाएको छ । थाहा नगरभित्रका छनोटमा परेका ३० विद्यालयमार्फत् एकएक जना शिक्षकको उपस्थितिमा माृभाषाका भाषाविज्ञले तालिम दिएका थिए । नेपालमा मातृभाषामा शिक्षा कार्यक्रम वि.सं. २०५५ देखि सुरु भएको हो । यसका लागि पाठ्यक्रम विकास केन्द्रले २४ वटा मातृभाषामा प्राथमिक तहसम्मको पाठ्यपुस्तक तयार गरेको छ । तर, हाम्रो शिक्षा प्रणालीमा मातृभाषामा पठनपाठन गर्नसक्ने गतिलो संरचनाको विकास हुन सकेको छैन । स्थानीय तहका सरकारले आफ्नो क्षेत्रका सीमान्तकृत, लोपोन्मुख जातिको भाषा, संस्कृति, परम्परा सम्बर्द्धन गर्ने कार्यलाई उच्चप्राथमिकतामा राख्नु जरुरी छ । वनकरिया, बोटे जस्ता सीमान्तकृत जातिको भाषा, संस्कृति, रहनसहन, परम्परा लोप हुने अवस्थामा पुगेको छ । स्थानीय सरकारले संरक्षणमा चासो दिन सकेन भने नयाँ पुस्तामा भाषा, संस्कृति हस्तान्तरण हुनसक्ने सम्भावना रहन्न । त्यसैले स्थानीय सरकारले यो बिषयमा सोच्नुपर्ने बेला आएको छ ।

# ‘दाहाल, देउवा र ओलीको उपयोगिता १५ वर्षअघि नै सकिएको हो’



✍ मुमाराम खनाल

नेपाली राजनीतिमा प्रचण्ड प्रवृत्तिको बारेमा धेरै बहस गर्न आवश्यक छैन । उनको प्रवृत्ति बारे आम नेपालीलाई थाहा भइसकेको छ । तर राजनीतिमा जुन दलहरूको धेरै वर्षको इतिहास छ, जसले विभिन्न कालखण्डमा एक प्रकारको आन्दोलनको नेतृत्व गरेका छन् र उनीहरूको सानो होस् वा ठूलो समाजको एक तप्कालाई प्रशिक्षित गरेका छन् ।

यस्तो मुलुकमा कुनै पनि पार्टीको नेता सधैं ५० वर्ष सम्म निरन्तर राजनीतिको केन्द्रमा राखिरहन्छौं । त्यस्तो राजनीतिमा कुनै नेताले अरु पार्टीसँग गठबन्धन गरेर हिजो हामीले संसदीय व्यवस्थामा राष्ट्रिय प्रजातन्त्र पार्टी जस्तो सानो पार्टीका दुई प्रधानमन्त्री भएको पनि देखेका थियौं । र ठूला दुई दलमा हुने प्रतिस्पर्धाको फाइदा सानो दलले लिने अस्थिर राजनीतिमा सधैं त्यो मौका भइरहन्छ ।

प्रचण्ड भनेको सधैं एउटा सत्ता र शक्तिमा रहन जस्तोसुकै कर्म गर्ने प्रवृत्ति हो । उहाँमा कुनै विचार, सिद्धान्त र नैतिकता भन्ने नै छैन । त्यस्तो निर्लज्जताको पराकाष्ठा, समाजका सामाजिक र आर्थिक आधारहरूलाई थाम्न नसक्ने राजनीतिक नेतृत्व भएपछि जस्तोसुकै अराजनीतिलाई पनि हामीले राजनीति भनिदिनु पर्नेछ । जोसुकै अराजक र अवसरवादी नेतालाई राजनीतिक रूपमा चलाख भन्नु पर्नेछ । अनि जो जति झुक्न सक्छ, जति झुक्क्याउन सक्छ र शक्तिमा टिक्न सक्छ, त्यसलाई कुशल राजनीतिज्ञ भन्नुपर्ने अवस्था छ । त्यसकारण यस्तो बेलामा राजनीति प्रति टिप्पणी गर्नु सुखद छैन ।

चेतना पुगिसकेपछि त्यसबाट फाइदा लिनुपर्छ भनेर चेतनाले उल्टो छलाङ लगाएको हो । हिजोको कुनै चेतना नभएको एउटा मूर्खता पूर्ण रूपमा नेपाली समाजको विध्वंश गरेको हो । र त्यो विध्वंशमार्फत् जुन वर्षात प्राप्त भयो अब त्यस मार्फत आफ्नो र परिवारको जीवनस्तर माथि उठाउने, मुलुक र जनताको जीवन बरबाद गर्ने भन्ने चेतना आयो । यो चेतना हिजो पनि उल्टो थियो र आज पनि उल्टो छ ।

हिजो पनि मूर्खतापूर्ण कुरा थियो । त्यो अज्ञानताबस मूर्खता थियो वा उनीहरूको सैद्धान्तिक अज्ञानता वा कमजोरी भनेर मानौं र आज त्यो विचारबाट राज्य दोहन, नागरिक दोहन मार्फत शक्ति सत्ता र ऐसआराम सबै प्राप्त हुने रहेछ भन्ने भएपछि त्यो चेतनाले उल्टो छलाङ लगाउन थाल्यो । त्यसकारण न त्यो हिजो चेतना थियो, न आज छ । बरु आजको उन्नत चेतना भनेको राज्य दोहन बाहेक केही गर्न नसक्ने कुनै नेता जब सत्तामा आउँछ, उसको चेतना व्यक्तिगत स्वार्थमा लाग्छ । अहिले देखिएको दुर्गतिको कारण पनि त्यही हो ।

हिजो पनि उनीहरू सानो ठग थिए, एक अर्कालाई सानो रूपमा हिंसा गर्ने थियो, अहिले त्यो राज्य स्तरमा पुग्यो । त्यही चरित्रको विस्तारित रूप अहिले हो । हिजो भयंकर नैतिक थियो, आज अनैतिक भयो भन्ने हैन । हिजो नैतिक भएका मान्छेहरू सत्तामा जाँदा पनि नैतिक देखिएका छन् । कृष्णप्रसाद भट्टराई मनमोहन लगायतका मान्छेहरू जहिल्यै नैतिक नै रहे त ।

हिजो एउटा गठबन्धन गरेर भोट लिएर आउने बित्तिकै अर्को विजातीय गठबन्धन गरेको छ । ती नागरिक, मतदातालाई यिनले के जवाफ दिन्छन् ? हिजो कुनै विचार सिद्धान्त थियो भने त्यसले गलत गर्ने हैन रहेछ । हाम्रो जस्तै संसदीय राजनीतिक प्रणालीले बेलायत भारत लगायतका देशमा काम गरेको छ त ।

कम्युनिस्ट जस्तो विचारधाराले चीनमा काम गरेको छ । तर त्यही विचारधाराले कोरियामा काम गरेको छैन । त्यही विचारधाराले कयौं देशहरू टाट पल्टिएका छन् । त्यसैले हामीले अभ्यास गरिरहेको संसदीय व्यवस्थामा कुनै विचार धाराले त्यो कम्युनिस्ट विचारधारा भए पनि वर्तमान प्रणाली अन्तर्गत यसैबाट काम गर्ने हो ।

त्यस कारणले यी कम्युनिस्ट, कांग्रेस लोकतान्त्रिक भए पनि आर्थिक उन्नति भएको छैन । गरिबी बढ्दै गइरहेको छ । न शिक्षा, स्वास्थ्यजस्ता जनताका आधारभूत अवस्था सिर्जना गर्न नै सकिएको छ ।

हाम्रो छिमेकी देश स्वतन्त्रताको शताब्दीमा पुग्दै छ । त्यसमा उनीहरूले निश्चित गोल राखेर जुनसुकै प्रधानमन्त्री हुँदा पनि त्यही गोल हेरेर हिँडेका छन् । हाम्रो गोल के हो त ?

हाम्रो गोल यही भद्रगोल हो । दिनदिनै सत्ता परिवर्तन हो । दिनै त्यो सत्ता परिवर्तनका लागि नयाँ नयाँ खेलाडी जोगीहरू हुन । र यसले अझ बढी जनतामा आत्मविश्वास गुम्ने र अविश्वास पैदा गर्ने हो । अहिले राजनीतिकप्रति मान्छेमा यति वितृष्णा छ कि यसप्रति टिप्पणी गर्नु नै आफ्नो बेइज्जत हुनु बराबर भइसकेको छ ।

यहाँ एकले अर्कोको प्रयोग हैन कि जोसँग मिल्दा फाइदा हुन्छ, त्योसँग मिलिरहेका छन् । प्रधानमन्त्री जुन हो, त्यसले अरूलाई प्रयोग गरेको जस्तो देखिन्छ । तर प्रधानमन्त्री स्वयं के भएको छ त कहिले एमालेको त कहिले कांग्रेसको खेलौना भइरहेको छ । एउटा सानो पार्टीले आफ्नो फाइदाको लागि जुन ढंगको संसदीय अंकगणितलाई प्रयोग गरेर वितण्डा मच्चाइरहन्छ, त्यसलाई राजनीतिक सफलताको रूपमा बुझ्ने समाज जबसम्म रहन्छ, तब सम्म यस्ता प्रकरण दोहोरिरहन्छन् । यस्तै मान्छेले चुनाव जित्छन्, सत्ता चलाउँछन् ।

अहिले मन्त्री भएका मान्छेहरूको क्षमता हेरेर नै काम भएन भनेर आशा गर्नु नै बेकार हो । आशा नगर्न नै मन्त्री बनाएको हो र सत्तामा पठाएको हो । अहिले खाडी, युरोपमा दौडधुप बढ्दो छ । विद्यार्थीका नाममा सबै मजदुर नै गएका हुन् । नेपालमा यो आर्थिक दौडधुप सुगौली सन्धि देखि कै हो । यसलाई रोक्न सक्ने नेतृत्व चाहिएको हो । तर त्यो छैन ।

हाम्रो अवस्था २०५० सालयता धेरै बिग्रिँदै गइरहेको छ । किनकि हाम्रो शैक्षिक, आर्थिक अवस्था र अपेक्षाबीच दुरी धेरै भयो । पहिला आशा कम थिए, सानो अर्थतन्त्रले धान्थ्यो । तर अहिले इन्टरनेटको विकासले धेरै कुरा ल्याएर मान्छेका अपेक्षा ठूला भए । त्यसैले अबको नेतृत्वले डिपार्चरको विकासको अपेक्षा गरेको छ । तर हाम्रो नेतृत्व बामपुड्के भयो । संसारको परिवर्तन प्रति बेखबर छ । यहाँ भएका दुई पार्टीसँग मिलेर राज्यलाई कसरी लुट्ने भन्दा माथि जाने नेतृत्व नै पाएनौं । २०१७ साल यताको आम निर्वाचनपछि दिन प्रतिदिन हामीले नालायक नेतृत्व पाउँदै गयौं ।

दाहाल, देउवा र ओलीको ध्याउन्न सत्तामा टिक्नु बाहेक केही छैन । यिनीहरूको उपादेयता सकिएको १५ वर्ष जति भयो । तर ती पार्टी कब्जा गर्न दोस्रो पुस्तामा त्यो बहस नै छैन । माओवादी जस्तो एक मनवादी पार्टी प्रचण्डको निजी कम्पनी जस्तो छ । त्यसमा आन्तरिक लोकतन्त्रको विषय उठाउनासाथ फुटिहाल्छ । तर एमाले जस्तो पार्टी, जो संसदीय राजनीतिको अभ्यास गरेको थियो र ०४६ सालको चौथो महाधिवेशनबाट आन्तरिक-बाहृय प्रतिस्पर्धालाई मदन भण्डारीले जसरी सूत्रबद्ध गरे, त्यो महत्त्वपूर्ण थियो ।

एमालेले संसदीय अभ्यासमा औपचारिक लोकतन्त्रबाट वास्तविक लोकतन्त्र तर्फ रूपान्तरण गर्ने नाममा खुम्च्याउँदै लग्यो । तर पार्टी भित्र त्यसका बहस जीवितै थिए । तर ओलीको नेतृत्वमा आइसकेपछि त्यो बहस सकियो । उनले पार्टीको अधिनायकवादी शैलीमा प्रचण्डको सिको गरे । वास्तवमा ओली मदन भण्डारीको उत्तराधिकारी भन्दा पनि प्रणालीको उत्तराधिकारी बढी देखिए किनकि उनलाई पार्टी कब्जा गर्नु पर्छ भन्ने लाग्यो । कांग्रेस चाहिँ देउवा जस्तो एउटा गिरोह चलाउनेको नेतृत्वमा पुग्यो ।

राजनीतिक भ्युटावर प्रोजेक्टका कुराहरू नेता विशेषलाई ठूलो रकम बुझाउन आवश्यकता भन्दा बाहिरका आयोजना आए । जसले गर्दा हाम्रो पूर्वाधारको क्षेत्र चौपट भएर गयो । त्यसैले यो भयावह अवस्था सिर्जना यही तीन मूल नेतृत्वका पार्टीको असफलता मात्रै हैन, यो विगत १५ वर्षमा हामीले सबै राजनीतिक पार्टीका नेताहरू चाहिँ एकदमै औसतभन्दा तलका पायौं । जसको प्रभाव हाम्रा अरु लोकतान्त्रिक संस्थाहरूमा पनि पऱ्यो । र राम्रो सचिव छैन, राम्रो प्रोफेसर छैन, संस्थामा राम्रो डाक्टर छैन भने जस्तो प्रकारको नेतृत्व हाबी भयो । हाम्रा सम्पूर्ण लोकतान्त्रिक र अरु अनौपचारिक, विकास निर्माणका संस्थाहरू यी सबैतिर व्यक्तिवाद हाबी भयो । जसले गर्दा मुलुकले यो दुर्भाग्य भोगिरहेको छ ।

हाम्रो विनिमय दर स्थिर हुनाले व्यापार घाटा बढ्दै बढ्दै गइरहेको छ । किनकि उनीहरूले विकास गरिरहेका छन् हामी विकासमा तलतल परिरहेको छौं । त्यस्तै राजनीतिक पुँजी पनि ह्रासोन्मुख भयो । नकारात्मक पूँजीका रूपमा यो जम्मा भयो । यो राजनीतिका लागि ब्याज धेरै तिर्नुपर्ने भयो । त्यसैले सञ्चिति पुँजी त्यो सकारात्मक पुँजी भए त राम्रो भयो । तर हामी चर्को राजनीतिक ब्याज तिर्नको लागि हामीलाई निकै सकस परेको छ ।

जस्तो फास्ट्रयाकबाट पूर्वाधारका सामान वा लगानीको एजेन्डालाई मन्त्रालयमा समन्वय गरेर जसले लगानी गर्छ, त्यो लगानी अगाडि बढाउन लगानी बोर्ड बनायौं । तर त्यो लगानी बोर्ड अहिले राजनीतिक पार्टीका लागि जागिर खाने र राज्यको लागि बोझ मात्रै साबित भयो । त्यस्तै यस्ता अरु संस्थाहरू राज्यलाई बोझ थुपार्ने भन्दा त्यसको अरु उपादेयता केही छैन ।

त्यसैले कुनै राजनीतिक पुँजी सकारात्मक रूपले साँच्चैमा प्रतिपक्ष भएको भए सत्ता पक्षले नराम्रो गरेको छ भने प्रतिपक्ष मार्फत सञ्चित जुन राजनीतिक पुँजी हो, त्यसले अर्को निर्वाचनमा आफ्नो त्यो ब्याज जनतालाई सकारात्मक रूपले फिर्ता दिन्थ्यो तर हाम्रोमा त नागरिक बाहेक कोही प्रतिपक्ष छैन ।

त्यसैले अबको राजनीतिमा गएका जति सबै सत्ता पक्ष र आम जनता प्रतिपक्ष हो । ओलीहरू पार्टी एकता गर्न तयार भइरहेका छन् । कति टिक्छ आफ्नो ठाउँमा छ । तर यस पटक पहिलो पटक भएको पार्टी एकता जत्रो त नहोला । यो एकता आगामी चैतसम्म टिक्ला नटिक्ला । तर वैशाखसम्म यिनले पार्टी एकता गर्छन् । अहिले ओलीको पनि सजिलो पार्टी छ । ओलीले भनेको अक्षरशः लागू हुन्छ । पार्टी निजी कम्पनी जस्तै हो । यिनको व्यक्तिगत स्वार्थमा थोरै टकराब भयो भने कांग्रेससँग मिलिहाल्छन् । त्यसका लागि कांग्रेसको नेतृत्व तयार नै छ ।

*(साभार: खबरहब)*

# रायसिना संवाद २०२४ र परराष्ट्रनीति : एक विमर्श



✍ विपिन देव

रायसिना संवाद २०२४ नवौं शृंखलाको रूपमा नया' दिल्लीमा सम्पन्न भएको छ । फेब्रुअरी २१ देखि २३ सम्म चलेको रायसिना संवाद वैदिक परम्परासँग जोडिएको छ ।

संसारका कहलिएका नीति निर्माता, चिन्तक, राजनेता, पत्रकार, पर्यावरणविद्, उद्योगपति, लगानीकर्तालगायत समाजका हरेक तप्पाका मूर्धन्य व्यक्तित्वहरूको सहभागिताले रायसिना संवादलाई महिमामण्डित गर्दै आएको छ । १२५ भन्दा अधिक देशहरू २५०० प्रतिनिधिहरूको अन्तरक्रियाद्वारा संसारमा गहन र मौलिक समस्याहरूप्रति रायसिना संवाद विमर्श गर्ने गरेको छ । संसारका २५ वटा राष्ट्रहरूका परराष्ट्रमन्त्री र भूतपूर्व प्रधानमन्त्रीसमेत रायसिना संवादको हिस्सा बनेको देखिन्छ ।

दिल्लीमा रायसिना संवादको उद्घाटन ग्रिसका प्रधानमन्त्रीबाट भएको थियो । रायसिना संवादको विषयवस्तु चतुरूङ्ग रहेको छ । पार्यावरण, रसिया-युक्रेन युद्ध, विद्युतीकरण, वैकल्पिक ऊर्जा, हिन्दमहासागरीय नीति, भूमण्डलीकरण, खुला अर्थतन्त्र, इजरायल-हमास द्वन्द्वलगायत संसारमा विभिन्न पेचिला मुद्दाहरूमा रायसिनामा बहस भएको देखिन्छ ।

रायसिना संवादमा भारतीय परराष्ट्रनीतिको प्रारुपको बारेमा परराष्ट्रमन्त्री डा. जयशंकरले अन्तरक्रिया गरेका छन् । वर्तमान अवस्थामा परराष्ट्रनीति बौद्धिक अभ्यास मात्र नभई प्रत्येक जनजनसँग गाँसिएको विषय भएको समेत उनले रायसिना संवादमा तर्क प्रस्तुत गरेका छन् ।

भूमण्डलीकरणको प्रभाव र प्रकोपले गर्दा कोरोनाको कहरको महसुस हरेक घर र दैलोमा पुगेको उदाहरण दिँदै डा. जयशंकरले परराष्ट्रनीतिबाट प्रत्येक व्यक्ति प्रभावित भएको कुरासमेत उल्लेख गरेका छन् । परराष्ट्र नीतिको प्रयोगले नै गर्दा कोरोनाको समयमा ७० लाख भारतीय नागरिकलाई विश्वको कुना-कुनाबाट भारत फर्काउन सफल भएको कुरा उनले उल्लेख गरेका छन् ।

रायसिना संवादमा परराष्ट्रनीति र सर्वसाधारणको जीवनबीचको सम्बन्ध रसिया-युक्रेन युद्धको आलोकमा वर्णन गर्न सकिन्छ । रसिया-युक्रेन युद्ध शुरु हुनेबित्तिकै मध्यएसियाली देशहरूले पेट्रोल, डिजेल र ग्यासको दरमा व्यापक बढोत्तरी गरेका थिए । हरेक पश्चिमा दबाबका बाबजुद पनि आफ्नो कूटनीतिलाई परिचालित गर्दै भारत सस्तो दरमा रसियासँग ऊर्जा खरिद गरेर आफ्नो आर्थिक वृद्धि दरका साथै महँगी नियन्त्रण गर्न सफल भएको परिघटनालाई सफल परराष्ट्र नीतिको प्रयोगको रूपमा लिन सकिन्छ ।

अर्थात् हरेक देशले परराष्ट्रनीतिलाई आफ्नो राष्ट्रिय हित अनुरूप परिचालित गर्नुपर्दछ । रायसिना संवादमा डा. जयशंकरले भारतको परराष्ट्रनीतिको नजर विश्वभरि काम गरिरहेका ३३ मिलियन भारतीयहरुको हक, हित र सुरक्षालाई ध्यानमा समेत राख्नु हो भनेका छन् । साथै १ दशमलव ३ मिलियन भारतीय विद्यार्थी विश्वको कुनाकुनामा अध्ययन गर्दा उनीहरूको समस्याप्रति सचेत हुनुसमेत भारतीय परराष्ट्रनीतिको दायित्व हो भन्ने कुरा उनले रायसिना संवादमा उल्लेख गरेका छन् ।

रायसिना संवादमा भारत-चीनका सम्बन्धमा समेत व्यापक विमर्श भएको देखिन्छ । सन् २०१७ देखि हाल भारत-चीन बोर्डर तनावपूर्ण रहेको छ । सन् १९८८ मा भारतका प्रधानमन्त्री राजीव गान्धी र चिनिया राष्ट्रपति देङको बीच भएको सहमतिको आधारमा भारत र चीनबीच सन् १९९३ र १९९६ मा सन्धी भएको थियो । तदनुरूप भारत-चीनबीच वोर्डर समस्यालाई थाती राख्दै व्यापारलगायत अरू क्षेत्रका सम्बन्धलाई सुदृढीकरण गर्न सहमति भएको थियो । यी सम्झौता र सन्धीको आधारमा भारत र चीनबीच १२५ बिलियन डलरभन्दा अधिक व्यापार रहेको थियो । राष्ट्रपति सीको आगमनको साथै चिनियाँ नीतिमा व्यापक परिवर्तन भएको छ ।

> वास्तवमा पूर्वीय दर्शनको आधार स्तम्भ नै शास्त्रार्थ हो । शास्त्रार्थको समुद्र मन्थनको अमृतबाट मानवोपयोगी सिद्धान्तको उद्भव हुन्छ । यस अर्थमा रायसिना संवादको प्रारुप नेपालजस्ता वैदिक संस्कृतिमा आधारित मुलुकहरूको लागि समेत उपयोगी हुन सक्छ ।

सन् २००० देखि हालसम्म गलवान घाँटीको १५ हजार फिटको उचाइमा दुवैतर्फबाट ६० हजार सैनिक तैनाथ रहेका छन् । डा. जयशंकरले भारत-चीनबीचको कटुतालाई सूत्रात्मक व्याख्या रायसिना संवादमा गरेका छन् । भारत-चीन सम्बन्धको कटुताका कारण नेहरुको परराष्ट्रनीति रहेको समेत उनको तर्क रहेको छ । सन् १९५० ताका नै नेहरु मन्त्रिमण्डलका गृहमन्त्री सरदार पटेलले नेहरुको चिनियाँ नीतिलाई आलोचना गरेका थिए ।

चिनियाँ सभ्यता र संस्कृतिको सम्मोहनबाट नेहरु भारत-चीनबीच सामीप्यता बढाउन चीनलाई सुरक्षा परिषद्को सदस्य बनाउन दृढ संकल्पित थिए । तत्कालीन अवस्थामा भारतको विकास र समृद्धिको लागि अमेरिकासँग सहज सम्बन्ध बनाउनुपर्ने आग्रह डा. जम्बेडकरको थियो । अर्थात् नेहरुको परराष्ट्रनीतिको आलोचकको रूपमा मूर्धन्य नेताहरूमा डा. आम्बेडकर, डा. श्यामाप्रसाद मुर्खजी, मिनु मसानी र सरदार पटेलसमेत थिए । रायसिना संवादको माध्यमबाट बोर्डरको समाधानलाई पूर्ण सामाधान नगरीकन चीनसँग सहज र सघन सम्बन्ध नहुन सक्ने तर्क डा. जयशंकरको रहेको छ ।

कार्यक्राममा डा. जयशंकरद्वारा प्रकाशित पुस्तक ‘हवाई भारत भ्याटस’ले व्यापक चर्चा पाएको थियो । वर्तमान भूराजनीतिलाई सूक्ष्म विश्लेषण र संश्लेषण गर्न रामायण अति उपयोगी भएको कुरा पुस्तकमा उल्लेख रहेको छ । कानुनी राज्य भन्नाले नै रामराज्य रहेको छ । ठूला शक्तिलाई लगाम लगाउन परराष्ट्रनीतिमा गठबन्धनको अहम् भूमिका हुन्छ । रामायणमा रामले गठबन्धनको प्रचूर मात्रामा प्रयोग गरेका थिए । वर्तमान भूराजनीतिमा कर्वाड (अमेरिका, भारत, जापान र अस्ट्रेलिया), अक्स (अमेरिका, ब्रिटेन र अस्ट्रेलिया) पनि गठबन्धनको नै प्रयोग हो । डा. जयशंकरले भारत ३६ वटा गठबन्धनमा सहभागी रहेको समेत उक्त पुस्तकमा उल्लेख गरेका छन् । परराष्ट्रनीतिमा सूचना र सामर्थ्यको अन्तरधुलन हुनुपर्दछ । विभिषण र हनुमान सूचना सामर्थ्यको अन्तरधुलन रहेको कुरा झल्किन्छ । कूटनीतिज्ञ योग्यता र सौर्यको आधारमा युक्त हुनुपर्दछ ।

अंगदले रावणको दरबारमा आफ्नो ठाउ' आफैं निर्माण गरेको तथ्य वर्तमान परिवेशमा समेत लागू हुन सक्छ । अब्बल व्यक्तिहरू कूटनीतिज्ञ हुँदा आफ्नो व्यक्तित्व र कृतित्वको आधारमा मुलुकको गरिमा एवं प्रतिष्ठा बढ्छ । रायसिना संवादमा भारतको परराष्ट्र नीतिलाई व्याख्या गर्दै डा. जयशंकरले मानवीय हितको मर्म अनुसार टर्कीको भुइँचालो, मोजाम्बिक, फिजी, श्रीलंका, यमन, सुडानजस्ता अनेकौं मुलुकमा भारतले सर्वप्रथम राहत पुऱ्याएको समेत उल्लेख गरेका छन् ।

रायसिना संवादमा परराष्ट्रनीति र वैदिक दर्शनबीच तादात्म्यता र सामीप्यता हेर्न सकिन्छ । वास्तवमा पूर्वीय दर्शनको आधार स्तम्भ नै शास्त्रार्थ हो । शास्त्रार्थको समुद्र मन्थनको अमृतबाट मानवोपयोगी सिद्धान्तको उद्भव हुन्छ । यस अर्थमा रायसिना संवादको प्रारुप नेपालजस्ता वैदिक संस्कृतिमा आधारित मुलुकहरूको लागि समेत उपयोगी हुन सक्छ ।

विगतका दिनमा यहाँ राजनीतिक भागवण्डाका नाममा कलंकित र दागी व्यक्तित्वहरूले राजकाजको नाममा भोग-विलास गर्न प्रशस्त ठाउँ पाएका छन् । शास्त्रार्थको तपबाट ऊर्जावान् व्यक्तित्वहरूले राष्ट्र निर्माणका लागि यथेष्ट ठाउँ पाउन सक्छन् तर यहाँ यसो हुन सकेन । *(साभार: नेपाल समाचारपत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन २६ गते शनिबार ९ मार्च २०२४ । चतुर्दशी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:२२, सूर्यास्त ६:०८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : इनाम हात पर्नेछ | तुला | : सामाजिक दायित्व बढ्नेछ |
| वृष | : श्रम खेर जानेछ | वृश्चिक | : काममा सहयोग मिल्नेछ |
| मिथुन | : पढाइमा प्रगति हुनेछ | धनु | : अनावश्यक खर्च हुनेछ |
| कर्कट | : उत्साहमा कमी आउनेछ | मकर | : चिताएको काम बन्नेछ |
| सिंह | : आफन्तबाट धोका हुनेछ | कुम्भ | : नसोचेको फाइदा पाइनेछ |
| कन्या | : प्रतिष्ठित काम पाइनेछ | मीन | : चुनौतीहरु बढ्नेछन् |

# बिना तयारी बजेटमा राख्दा अड्किन्छन् अधिकांश आयोजना



काठमाडौं/नेपालमा कार्यान्वयनका लागि तयारी पूरा नभई कार्यक्रम/आयोजना बजेटमा राख्दा त्यस्ता आयोजना तथा कार्यक्रमको काम अड्किने गरेको पाइएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आर्थिक वर्ष (आव) २०८० को नीति तथा कार्यक्रमको प्रगति समीक्षा प्रतिवेदनमा यस्तो देखिएको हो । सरकारले बजेटमा राखेका घोषणालाई कार्यान्वयन गर्न विभिन्न माइलस्टोन र क्रियाकलाप विभाजन गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा सबै मन्त्रालय/निकायले १ हजार ६ सय क्रियाकलाप र ३ हजार ४२१ वटा माइलस्टोन पूरा गर्ने लक्ष्य राखेका छन् ।

तर, पुस मसान्तसम्म ८.५ प्रतिशत क्रियाकलाप र १६.९ प्रतिशत माइलस्टोन मात्र सम्पन्न भएका छन् । १३.९ प्रतिशत माइलस्टोन अझै सुरु नै हुन नसकेको प्रतिवेदनमा उल्लेख छ ।

क्षेत्रगत रुपमा हेर्दा आर्थिक क्षेत्रतर्फ कुल ४१५ मध्ये ८१ क्रियाकलाप ६ महिनासम्म पनि सुरु हुन सकेका छैनन् । माइलस्टोनतर्फ आर्थिक क्षेत्रमा ७ सय ९७ वटा रहेकोमा २६ वटा सुरु नै भएका छैनन् । पूर्वाधार क्षेत्रतर्फ ५ सय क्रियाकलापमा ६३ क्रियाकलापको काम अझै सुरु भएको छैन । पूर्वाधार क्षेत्रका माइलस्टोनमा १३४८ वटा रहेकोमा १२० वटा सुरु नै हुन सकेनन् ।

शासकीय सुधारतर्फ ३९२ वटा क्रियाकलापमध्ये ८० वटा सुरु हुन सकेका छैनन् । माइलस्टोनमा ६५४ मध्ये ३४ वटा सुरु नै हुन सकेका छैनन् । सामाजिक क्षेत्रतर्फ २९३ क्रियाकलापमध्ये ४८ वटाको काम नै सुरु हुन सकेन । ६२२ माइलस्टोनमध्ये ४३ वटा सुरु हुन नसकेको तथ्यांक छ ।

यसरी क्रियाकलाप र माइलस्टोनले अपेक्षित गति लिन नसक्नुमा भन्दा धेरै कार्यक्रम तथा आयोजना कार्यान्वयनको तयारी पूरा नभएको समस्यासँग जुधेको पाइएको छ ।

पुस मसान्तसम्म काम सुरु नभएको मात्र होइन, ६ महिनामा तोकिएको लक्ष्य पूरा नगरेका माइलस्टोनको संख्या १५ सय १६ रहेको छ । यसमध्ये ७२० वटा माइलस्टोनले कार्यान्वयनको तयारी पूरा नभएका कारण लक्ष्य प्राप्ति गर्न नसकेको बताएका छन् ।

बजेट व्यवस्थापन तथा स्रोत सुनिश्चितता नभएका कारण १८७ वटा माइलस्टोनको काम अगाडि बढ्न सकेको छैन । अन्य निकायले राय नदिँदा १ सय वटा माइलस्टोनले लक्ष्य भेटाउन नसकेको पाइएको छ । जनशक्ति अभाव तथा नेतृत्व परिवर्तनका कारण ७५ वटा माइलस्टोनका काम प्रभावित बनेको छ ।

स्थान छनोट र जग्गा प्राप्तिका कारण ६६, अन्तर निकाय समन्वयको अभावमा ५१, कानुन, कार्यविधि तथा प्रक्रियागत आधार तयार नहुँदा ४९, विवाद तथा जटिल परिस्थितिका कारण ३१ वटा माइलस्टोनको काम प्रभावित बनेको हो ।

विपदले २७, कार्यक्रम पुन:संरचना गर्नुपर्दा, २४, निर्माण व्यवसायीका कारण १९, परामर्शदाताका कारण ८, निर्माण सामग्रीको अभावले ६, योजनाको दोहोरोपनले ३ र अन्य कारण ३२ वटा रहेको छ । कारण नखुलेको शीर्षकमा ११८ वटा माइलस्टोनका काम प्रभावित बनेका छन् ।

प्रतिवेदन अनुसार योजना तथा कार्यक्रमको काम प्रभावित बन्नुमा सरकारी परिपाटी नै मुख्य कारण रहेको देखिएको छ ।

**के-के पर्छन् पूर्वतयारीको काम ?**

आर्थिक वर्षको प्रारम्भमै सम्पन्न गर्नुपर्ने वार्षिक खरीद योजना बनाएर लागू गर्नुपर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्र सम्बन्धी कागजात तयार गरी बोलपत्र आह्वान गर्ने काम पूर्वतयारीमा पर्छ ।

यसैगरी सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्ने जस्ता कामसमेत पूर्वतयारीको काममा पर्छन् ।

तोकिएको काम सम्पन्न गर्न अघिल्लो चरणको (पूर्वतयारी) काम सम्पन्न हुनुपर्ने र सो नहुँदा समग्र आयोजना पछाडी धकेलिने समस्या यस वर्ष समेत दोहोरिएको स्वयम् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तथ्यांकले देखाएको छ ।

**विनियोजनमै कमजोरी**

सरकारी निकायलाई बजेट कार्यान्वयन कार्ययोजना बनाउँदा स्रोत सुनिश्चितता नभएका काम नराख्न योजना आयोग र अर्थ मन्त्रालयले हरेक वर्ष सचेत गराउने गर्छ ।

तर, यस वर्ष १८७ वटा माइलस्टोन स्रोत सुनिश्चितता नहुँदा प्रभावित बनेको देखिएको छ । यसले विनियोजनकै समयमा कमजोरी भएको देखाएको छ । यस वर्ष पर्याप्त राजस्व नउठ्दा अर्थले आर्थिक वर्षको बीचमा स्रोत सुनश्चिता नदिने बताएको थियो ।

**कसरी गर्ने सुधार ?**

प्रतिवेदनले पूर्वतयारीको काम आवको सुरुवातमै सम्पन्न गर्न सुझाव दिएको छ । स्रोत व्यवस्थापन नगरी बजेटमा कार्यक्रम राख्न नहुने र कार्यक्रम राख्ने भए त्यस अगावै स्रोतको जोहो गर्नुपर्ने समेत सुझावमा उल्लेख छ ।

मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अबण्डामा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, बजेट रोक्का तथा समर्पण जस्ता विषयमा वित्तीय अनुशासन बढाउन समेत प्रतिवेदनले सुझाव दिएको छ ।

# 'उपहार' प्रिमियर : 'प्याकेज'को फिल्म भन्दै प्रशंसा



काठमाडौं/महाशिवरात्रीको दिन पारेर शुक्रबारबाट प्रदर्शनमा आउन लागेको ज्ञानेन्द्र देउजाद्वारा निर्देशित फिल्म 'उपहार'ले प्रिमियरमा अब्बल प्रतिक्रिया प्राप्त गरेको छ । बिहीबार दिउँसो काठमाडौंमा आयोजित प्रिमियरमा पुगेका फिल्मकर्मीहरुले एउटा 'प्याकेज'को फिल्म बनेको भन्दै प्रशंसामा शब्द खर्चिएका थिए । अधिकांशले फिल्मको कथावस्तु र कलाकारको अभिनयको खुलेर प्रशंसा गरे ।

अभिनेता किरण केसीले फिल्म उत्कृष्ट बनेको प्रतिक्रिया दिए । 'ज्ञानेन्द्र देउजा सानो-सानो कुरालाई पनि केलाएर प्रस्तुत गर्न सक्ने खुबी भएको निर्देशन हो । 'उपहार'मा हरेक कलाकारहरुको काम राम्रो छ । पूजा र बेनिशाले गजब अभिनय गरेका छन् । शिशिर राणा भाईलाई विशेष बधाई दिन चाहन्छु । उसले साह्रै मीठो अभिनय गरेको छ । सिचुएशनल कमेडीले धेरै हँसाउँछ,' उनले भने ।

अभिनेता रमेश उप्रेतीलाई भने 'उपहार' यस वर्षकै उत्कृष्ट फिल्म लागेको छ । 'हरेक कलाकार हरुको अभिनय राम्रो छ । फिल्ममा मनोरञ्जनसँगै सन्देश पनि छ,' उनले भने, 'यसमा रेखा थापाको आफ्नो पन निस्किएको छ । रेखामा दमदार मेकरको पनि लक्षण देखिएको छ । यो फिल्म हेर्दा समय र पैसा खेर जान्न । मैले धेरैपछि गजबको नेपाली फिल्म हेरेँ । यो वर्षकै उत्कृष्ट फिल्म लाग्यो ।'

अभिनेता शिवहरी पौडेलले फिल्ममा हुनुपर्ने सबै गुण 'उपहार'मा रहेको धारणा व्यक्त गरे । निर्देशक शोभित बस्नेतले भने धेरैपछि वास्तविक नेपाली फिल्म हेर्न पाएको बताए । दर्शकलाई मनपर्ने फिल्म बनेको उनको दाबी छ । त्यस्तै, निर्देशक तथा निर्मात्री कृषा चौलागाईं 'उपहार'लाई 'प्याकेज'को फिल्म भन्न रुचाउँछिन् । रेखा थापाका फ्यानहरुका लागि राम्रो उपहार हुने उनको विश्वास छ ।

निर्देशक नवल नेपाल 'उपहार'लाई एउटा परिपक्व फिल्म मान्छन् । उनी भन्छन्, 'एउटा परिपक्व निर्देशकको परिपक्व फिल्म हो यो । यसमा हाँसो, रोदन सबैथोक छ । समग्रमा 'प्याकेज'को फिल्म हो ।' अर्का निर्देशक सुदर्शन थापाले फिल्म राम्रो बनेको प्रतिक्रिया दिँदै विषयवस्तु सबैभन्दा बलियो रहेको दाबी गरे । योखालको फिल्म नेपाली दर्शकले वर्षौंदेखि खोजिरहेको उनको भनाई थियो ।

फिल्मकी मुख्य अभिनेत्री पूजा शर्माले आफ्नो लागि यस वर्षकै उत्कृष्ट फिल्म रहेको दाबी गरिन् । 'स्क्रिप्टभन्दा अझ बलियो लाग्यो फिल्म । यो फिल्म हेर्न छुटाइयो भने सबथोक छुटाएको बराबर हुनेछ । मेरो लागि यस वर्षकै उत्कृष्ट फिल्म हो,' उनले खुसी हुँदै भनिन् । प्रिमियरमा प्राप्त सकारात्मक प्रतिक्रियाले 'उपहार'की अर्की अभिनेत्री बेनिशा हमाल पनि हर्षित भावमा देखिएकी थिइन् ।

# 'सतीदेवी'ले हाम्रो माटोको सुगन्धलाई उजागर गर्छ : मेयर पाण्डे



काठमाडौं/अभिनेत्री मलिका महतलाई जुत्ताको माला लगाएको फर्स्टलुक पोस्टर सार्वजनिक भएसँगै चर्चामा रहेको फिल्म 'सतीदेवी' लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिकामा छायांकन गरिएको हो । सोही नगरपालिकाका प्रमुख रमेशकुमार पाण्डेले फिल्म हेरेपछि विशेष सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् । बुधबार दमौलीस्थित क्युएफएक्स हलमा फिल्मको विशेष प्रदर्शन गरिएको थियो ।

मेयर पाण्डेले भने, 'देशको मौलिक कला, संस्कृति र कथालाई फिल्मको माध्यमबाट विश्वसामु पुर्याउनु सराहनीय कार्य हो । आफ्नो माटोको सुगन्धलाई उजागर गरेको 'सतीदेवी'लाई हामी सबैले साथ, सहयोग र प्रेरणा दिनुपर्छ ।' स्थानीयता, नेपालीपना र यथार्थमा आधारित मौलिक विषय उठान गर्ने जुनसुकै फिल्मलाई पनि सरकार र सम्बन्धित निकायले सहयोग गर्नुपर्ने पाण्डेको धारणा थियो ।

कार्यक्रममा 'सतीदेवी'का निर्देशक लक्ष्मण सुवेदीले मेयर पाण्डेसहित वडा नं. ५ का अध्यक्ष ओमवीर गुरुङ, स्थानीय श्री सृजनशील एकता मगर समाज, लाफा गाउँ होमस्टे, कलाकार इभन श्रेष्ठ, क्युएफएक्स हल (दमौली) लगायतलाई आभार पत्र प्रदान गरेका थिए । विशेष प्रदर्शनीमा स्थानीयहरुको उल्लेख्य उपस्थिति थियो । र, प्राय:ले फिल्मलाई उत्कृष्ट भनेको निर्देशक सुवेदीले बताए ।

यो फिल्ममा मलिकाका साथै हर्षिका वली, मञ्जिला बानियाँ, कुलबहादुर अधिकारी, रमेश बुढाथोकी, सृजना अधिकारी, सन्दिपबाबु लोहनी, सुजिता सिवाकोटी, भोला सापकोटा, मनिषा सापकोटा लगायतको अभिनय छ । निर्देशक सुवेदी स्वयंको लेखन रहेको फिल्मको प्रदर्शन मिति भने घोषणा हुन बाँकी छ । यसमा बाबु श्रेष्ठको छायांकन तथा दीपक शर्मा र सुभाष भुषालको संगीत छ ।

# साफ यू-१६ महिला फुटबलमा भारतसित सोच्दै नसोचेको हार



काठमाडौं/घरेलु मैदानमा साफ यू-१६ वुमन्स च्याम्पियनसिपको फाइनल खेल्दै उपाधि जित्ने नेपाली यू-१६ महिला फुटबल टिमको चाहना अधुरै रह्यो ।

च्याम्पियनसिप अन्तर्गत बिहीबार भारतविरुद्ध नेपालको प्रदर्शन लज्जास्पद नै रह्यो । सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको टर्फ मैदानमा भएको खेलमा नेपाली टोलीले खेल्नै बिर्सेको हो कि जस्तो प्रदर्शन गर्‍यो ।

नतिजा भारत १०-० ले विजयी भयो । एकपक्षीय जस्तै बनेको खेलमा आरामदायी जितपछि भारतले फाइनलमा बंगलादेशसँग भेट पक्का गर्दा नेपाल भने लिग चरणबाटै बाहिरियो । चार टोली सहभागी च्याम्पियनसिपमा नेपालको प्रदर्शन एक जित र दुई हार रह्यो ।

प्रतियोगिताभर ३ खेल खेल्दा नेपालले जम्मा ३ गोल मात्र गर्न सक्यो भने १२ गोल बेहोर्‍यो । नेपाल गरेको गोल भुटान विरुद्ध थियो । बंगलादेशसँग पहिलो खेलमा नेपाल २-० ले पराजित भएको थियो ।

भारतसँग फराकिलो हारपछि नेपाली यू-१६ महिला टोलीका मुख्य प्रशिक्षक चक्र तामाङ निराश देखिन्थे । उनले कम्तीमा पनि नेपाली युवा टोलीलाई फाइनल पुर्‍याउने लक्ष्य राखेका थिए । तर नेपालले जम्मा एक खेल मात्र जित्न सक्यो र फाइनल पुग्न असफल भयो ।

भारतसँगको हारलाई प्रशिक्षक तामाङले नसोचेको प्रदर्शन रहेको बताए । 'आज सोच्दै नसोचेको प्रदर्शन खेलाडीबाट भयो । सुरुमै तालमेल पनि मिलेन । बल हान्न पनि बिर्सेको जस्तो देखियो,' तामाङले भने ।

सुरुको १५ मिनेट सम्हालिएर खेल्ने लक्ष्य बनाए पनि त्यसमा सफल हुन नसकेको उनको भनाइ थियो । 'सुरुको १५ मिनेट सम्हालिएर खेल्नुपर्ने उल्दै गोल खायो । आज दबाबै दबाबमा खेलाडीले सम्हाल्न सकेनन् । ९० मिनेट नै सम्हाल्न सकेनन् ।'

भारत विरुद्ध जित्नैपर्ने खेल भएकोले प्रशिक्षक तामाङले नेपालको फर्मेसन पनि परिवर्तन गर्दै खेलाएका थिए । तर त्यो फर्मेसनले पनि काम गरेन । 'फर्मेसन चेन्ज गर्दा पनि अली कठिन भयो । हामीलाई आज स्कोर पनि चाहिएको थियो । फाइनल पुग्न गोल गरेर जित्नुपर्ने थियो । डिफेन्ड पनि गर्नुपर्ने थियो । त्यसले ४-४-२ हामीले चेन्ज गरेर आज ४-१-४-१ मा खेलाएका थियौं, तर प्रशिक्षकको रणनीतिले काम भने गरेन ।'

फर्मेसन परिवर्तन गर्दा नेपालले भारतविरुद्ध सुरुदेखि नै सम्हालिन पाएन । भारतले सुरुमा नेपालको क्षेत्रमा लगातार आक्रमण गर्दा नेपालको डिफेण्स निकै कमजोर देखिएको थियो ।

भारतको टिम शारीरिक मानसिक सबै किसिमले बलियो रहेको र नेपाली टिमले दबाब लिएर खेलेको प्रशिक्षक तामाङले बताए ।

'आज जित्न नसक्नुको मुख्य कारण भनेको खेलाडीमा नर्भसनेस र गोल नहुनुपर्ने समयमा गोल खानु हो । खेलाडीहरुले आफैंमा दबाब लिएर खेले । आफ्नै गल्तीमा गोल खायौं,' उनले भने ।

प्रशिक्षक तामाङले छोटो समयमको तयारीमा बावजुत पनि सुरुको दुई खेल राम्रो खेलेको तर आजको खेल भने नराम्रो भएको स्वीकारे । 'समग्रमा टुर्नामेन्ट हेर्दा पहिलो र दोस्रो र खेलको नतिजा ठिकै थियो । आजको नतिजा हेर्दा चाहीँ नराम्रो भन्नुपर्छ ।'

नेपाल खुल्ला छनोट मार्फत नयाँ खेलाडीहरु जम्मा गरेर करिब एक महिनाको मात्र प्रशिक्षण गरेको थियो ।

सन् २०२२ मा बंगलादेशमा भएको साफ यू-१५ वुमन्स च्याम्पियनसिप जित्दाको सदस्य भूमिका बुढाथोकी बाहेक अन्य सबै खेलाडीका लागि अन्तर्राष्ट्रिय खेल नै पहिलो अनुभव थियो । त्यसैले पनि धेरै खेलाडीका लागि नौलो अनुभव भयो ।

'तयारीको समय बढी भएको भए निश्चित रुपमा राम्रो हुन्थ्यो । तर मुख्य समस्या के हो भने स्काउटिङमा कस्ता खेलाडीहरु आए उनीहरुको स्तर कस्तो थियो भन्ने हो,' प्रशिक्षक तामाङले भने, 'हामीले १२० जनाबाट अहिले टिममा भएका खेलाडीहरु छनोट गरेका हौं । त्यसमा राम्रो खेलाडीहरु छनोट गर्दा यस्तो टिम बनेको हो ।'

उनले सुरुमा छनोट गरेका खेलाडीहरुको उमेर बढी हुँदा त्यस बाहेकका बाँकी खेलाडी छनोट गर्नुपरेको बताए । 'हामीले सुरुमा खेलाडीहरु राम्रो छनोट गर्दा उनीहरु सबै ओभर एजको भए । त्यसले गर्दा हामीले अरु खेलाडी छनोट गर्नुपर्‍यो ।'

ग्रासरुट नहुँदा उमेर समूहको टिमले राम्रो गर्न नसकेको उनले बताए । 'ग्रासरुट बलियो हुनुपर्छ । क्लबहरुमा एकेडेमी राख्नुपर्छ । त्यसले गर्दा राम्रो हुने हो । तर त्यसो नहुँदा पनि कठिन भयो ।'

भारतीय प्रशिक्षक बीबी थोमसले बंगलादेशसँग पनि राम्रो खेलेपनि नतिजा नआएको र आज नेपालविरुद्ध भने सफल भएको बताए । 'हामीले बल आफूसँग राख्ने र अधिकांश समय विपक्षीको हाफमा खेल्ने रणनीति थियो । अनी अट्याक गर्ने । त्यसमा सफल भयौं ।'

फाइनल पुगेको दुवै टिम राम्रो भएको र उपाधिकै लागि खेल्ने उनले बताए । 'फाइनल महत्वपूर्ण हुनेछ र हामी राम्रो तयारी गरेर जितकै लागि खेल्नेछौं,' भारतीय प्रशिक्षकले भने ।

*(स्रोत: अनलाइनखबर)*

# सुरु हुन थाल्यो खेती सिजन, पाइएला रासायनिक मल ?

काठमाडौं/वसन्त ऋतु सुरुवातसँगै नेपालमा खेतीपाती लगाउने सिजन सुरु हुन्छ । नेपाली किसानले सधैंभरि भोग्दै आउने एउटा समस्या भनेको रासायनिक मल हो । चैत लागेपछि चैते धान र मकै खेती लगाउने बेला सुरु हुन्छ ।

रासायनिक मलको मुख्य खपतका बेला किसानले मलका लागि आन्दोलन गनुपर्ने अवस्था रहँदै आएकोमा यो वर्ष भने त्यस्तो अवस्था नआउने कृषि तथा पशुपन्छी विकास मन्त्रालयको दाबी छ ।

कृषि प्रधान देश भने पनि प्रत्येक वर्ष समयमा मलखाद नहुँदा किसानले आन्दोलन गरिरहेका हुन्थे । नेपालमै रासायनिक मल उत्पादन नहुने भएपछि सरकारले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कम्पनी लिमिटेड मार्फत मल किनेर किसानलाई बेचिरहेको छ । सधैं देखिने समस्या यसपालि नदेखिने मन्त्रालयको दाबी छ । कृषि मन्त्रालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को बजेटले ६ लाख टन मल नेपाल आयात हुँदैछ ।

**"मल अभाव हुँदैन"**

मन्त्रालयका उपसचिव तथा वरिष्ठ बाली विकास अधिकृत मुकुन्द भुसाल यो वर्ष मल अभाव नहुने बताउँछन् । 'हामीले ५ लाख २० हजार टनका लागि बजेट विनियोजन गरेकोमा यसपालि अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य घट्दा ६ लाख टन आउने भएको छ,' भुसालले भने ।

उनले किसानको गत वर्षको खपत अनुसार ५ लाख २० हजार टन रासायनिक मल नेपाललाई पर्याप्त हुने बताए । 'यसपालि ६ लाख टन मल आउँदा पुग्ने देखिन्छ । अब गत वर्षजस्तो मलको समस्या देखिँदैन,' भुसालले संचारकर्मीसँग भने ।

उनका अनुसार हाल साल्ट ट्रेडिङले मल बिक्री नभएर गुनासो गरिरहेको अवस्था छ । मल अभाव भएको कतै सुनियो भने त्यो कोटाको कारण हुन्छ । मलका लागि प्रदेश सरकारले कोटा तोकिदिएको हुन्छ । 'कुनै पालिकामा कोटा अनुसार मल पुग्दैन, कतै कोटाको आधा पनि मल खपत हुँदैन, त्यो नमिल्दा आउने विषय हो,' उनले भने ।

भुसालका अनुसार सरकारले किन्न लागेको मल किसानका लागि पर्याप्त हुने हुँदा योपटक अभाव हुँदैन । सरकारले भारतसँग २५ हजार टन मल किन्न १५४ दिन अगाडि नै प्रतीतपत्र (एलसी) खोलिसकेको छ । एलसी खोलेको अधिकतम ११० दिनमा मल आउने व्यवस्था रहेको छ ।

'२५ हजार टन मल आयात हुने भइसकेको छ । त्यो भारतको मल विभागले अनुमति दिनेबित्तिकै नेपाल आउँछ,' भुसालले भने ।

**२१ फागुनसम्म २ लाख ७७ हजार टन मल आयात**

कृषि मन्त्रालयको चालु आव २१ फागुनसम्मको तथ्यांक हेर्ने हो भने २ लाख ७७ हजार ७ सय ९३ टन मल आयात भइसकेको छ । जसमा कृषि सामग्री कम्पनीले १ लाख ५३ हजार ६ सय ६४ र साल्ट ट्रेडिङ कर्पोरेसनले १ लाख २४ हजार १ सय २८ टन ल्याएका छन् ।

सबैभन्दा धेरै युरिया मल आयात भएको छ । कृषि सामग्रीबाट ९९ हजार ३ सय ८६ र साल्ट ट्रेडिङबाट ६९ हजार ४ सय १० गरी कुल १ लाख ६८ हजार ७ सय ९७ टन मल आएको हो ।

यस्तै डीएपी मल कृषि सामग्रीले ५० हजार ७ सय ६० र साल्ट ट्रेडिङले ४७ हजार १ सय ५ गरी ९७ हजार ८ सय ६५ टन डीएपी मल आयात भएको छ ।

यसैगरी पोटास मल ११ हजार १ सय २९ टन आयात भएको छ जसमा कृषि सामग्रीले ३ हजार ५ सय १७ र साल्ट ट्रेडिङले ७ हजार ६ सय १२ टन ल्याएको छ ।

मन्त्रालयका अनुसार चालु आव अघि ७० हजार ८३० टन सहित ३ लाख ४८ हजार ६२३ टन मल मौज्दात थियो ।

**२ लाख ६१ हजार टन बिक्यो**

मन्त्रालयसँग मौज्दात रहेको ३ लाख ४८ हजार ६२३ टन मल मध्ये कृषि सामग्री र साल्ट ट्रेडिङबाट चालु आवमा २ लाख ६१ हजार टन मल बिक्री भएको मन्त्रालयले जनाएको छ । युरिया, डीएपी र पोटास गरी कृषि सामग्रीले १ लाख ३३ हजार ७ सय ३८ टन बेचेको हो । जसमा युरिया ७७ हजार २ सय ३, डीएपी ५१ हजार ४ सय ४९ र पोटास ५ हजार ८५ टन बिक्री गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'रङ्गेली' प्रिमियर : सुखद् प्रतिक्रियाले दयाहाङ र मिरुना हर्षित

काठमाडौं/हतारोमा फिल्म बनाउने र रिलिज गर्ने नेपाली फिल्मकर्मीहरुको पुरानै रोग हो । पोष्ट प्रोडक्सनको काम नसकिँदै रिलिजको चटारोले फिल्ममा प्राविधिक कमजोरी देखिने गरेको छ । गत शुक्रबार प्रदर्शनमा आएको फिल्म 'अगस्त्य'को पनि हतारमा काम गर्दा डबिङदेखि ब्याकग्राउन्ड म्यूजिकसम्म कमजोरी देखिएको थियो । रिलिजको अघिल्लो दिनसम्म पनि धेरै फिल्मको पोष्टको काम सकिएकै हुँदैन । अनि हतारमा काम गर्दा फिल्म विग्रिने गरेका छन् ।

यही फागुन २५ गते (महाशिवरात्री)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'रङ्गेली'को बुधबार साँझ काठमाडौंमा प्रिमियर राखिएको थियो । तर, फिल्मको साउन्ड नै नआउँदा प्रिमियर अस्तव्यस्त बन्यो । फेरि अर्को 'फाइल' झिकाएर रातिको ८ बजेपछि मात्र फिल्म देखाइएको थियो । जसले गर्दा प्रिमियरमा पुगेका धेरै अतिथिहरु फिल्म नहेरी फर्किएका थिए । यद्यपि, फिल्मले प्रिमियरमा सुखद् प्रतिक्रिया प्राप्त गर्‍यो ।

निर्देशक अर्जुन सुवेदीको कामको प्रशंसा हुँदा छायांकन पक्ष र कलाकारहरुको अभिनय पनि रुचाइएको थियो । केहीले भने निर्देशक सुवेदीलाई 'फर्स्ट हाफ' छोट्याउन सुझाव दिए । यो प्रतिक्रियालाई आफूले सकारात्मक रुपमा लिएको अर्जुनले बताएका छन् । समग्रमा प्रिमियरमा राम्रो प्रतिक्रिया मिलेकोमा उनले खुसी व्यक्त गरे । 'ट्विस्ट एन्ड टर्न' बढी रुचाइएको उनले बताए ।

'रङ्गेली'मा अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर मुख्य भूमिकामा छन् । तर, दुवै प्रचारमा हिँड्न पाएका थिएनन् । अर्को फिल्म 'घरज्वाइँ'को छायांकनले गर्दा उनीहरु रुकुममा थिए । 'रङ्गेली'को प्रिमियरकै लागि भनेर रातारात रुकुमबाट काठमाडौं आएका उनीहरु फिल्म हेरेपछि सन्तुष्ट र खुसी देखिए । प्राविधिक कारणले प्रिमियरमा फिल्म ढिलो हुँदा भने दुवै निराश देखिन्थे । दयाहाङलाई फिल्म हेरेपछि लामो भयो कि भन्ने महसुस भएको छ । किनकि, फिल्म २ घण्टा ५५ मिनेट लामो छ । तर, काट्ने ठाउँ पनि उनले देखेका छैनन् । 'हामीलाई लागेको चाहिँ 'लेन्थ'मा हो । तर, फिल्म हेर्दा के चाहिँ फ्याक्ने भन्ने लाग्छ । 'लेन्थ' पनि समस्या हो जस्तो लाग्दैन । व्यक्तिगत रुपमा मलाई फिल्म हेर्दा आनन्द महसुस भयो,' उनले भने ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# नगरप्रमुख लामालाई काठमाडौंमा सम्मान




साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा चन्द्रलोक प्रतिष्ठानद्वारा महिलाहिंसा तथा चेलिबेटी बेचबिखनविरुद्ध योगदान पुऱ्याएको भन्दै हेटौंडाकी नगरप्रमुख मीनाकुमारी लामालाई सम्मान गरिएको छ ।

काठमाडौंको राष्ट्रिय सभागृहमा आयोजित नारीसम्मान कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख लामालाई पूर्वप्रधानमन्त्री झलनाथ खनालले सम्मानित गरेका हुन् । उदाहरणीय नेतृत्व, समाज र समुदायप्रति समर्पणको कदर गर्दै उनलाई सम्मान गरिएको हो । नगरप्रमुख लामाले भनिन्-'राष्ट्रिय सम्मानबाट सम्मानित हुन पाउँदा निकै खुशी महसुस भइरहेको छ ।' उनले आफूले गरेको सेवाको उच्चमूल्यांकन गर्दै सम्मान प्रदान गरेकामा आयोजक संस्था चन्द्रलोक प्रतिष्ठानलाई धन्यबाद व्यक्त गरेकी छन् ।

समुदायको उन्नतिका लागि अथकपरिश्रम गर्ने र आफूले ग्रहण गरेको पुरस्कार सबै महिलालाई समर्पित गरेको उनले बताइन् । सम्मान समुदाय र देशका लागि महत्वपूर्ण योगदान पुऱ्याउने महिलालाई दिइने राष्ट्रिय पुरस्कार हो । नगरप्रमुख लामाको उत्कृष्ट उपलब्धि र नेतृत्वलाई मान्यता दिने विशेषज्ञको प्यानलद्वारा सम्मानका लागि चयन गरिएको थियो ।

चन्द्रलोक प्रतिष्ठानद्वारा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित नारीसम्मान कार्यक्रम प्रतिष्ठान अध्यक्ष सीताराम कार्कीको सभाध्यक्षतामा भएको थियो । प्रतिष्ठित संस्था चन्द्रलोक प्रतिष्ठान कलासंस्कृति जगेर्ना गर्ने चेतनामूलक वृत्तचित्र बनाउने, प्राकृतिक प्रकोपमा सक्रियतासाथ लाग्ने सामाजिक संस्था रहेको जानकारी संस्था अध्यक्ष कार्कीले दिए । कार्यक्रममा उपसभामुख इन्दिरा राना र जयन्तीदेवी राईलगायत विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने ३० जना महिलालाई सम्मानित गरिएको थियो ।

# मकवानपुरको '१०१ सहकारी अभियन्ता' पुस्तक आउँदै




साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ जिल्ला बचत तथा ऋण सहकारी संघले शुक्रबार अर्थात मार्च ८ नारी दिवसको अवसरमा १०१ सहकारी अभियन्ता नामक पुस्तक विमोचन गर्ने भएको छ ।

संघको कार्यालयमा बिहीवार पत्रकार सम्मेलन गर्दै विश्व नारी दिवसको अवसर पारेर मकवानपुरमा लामो समयदेखि सहकारी अभियान लागेका सहकारीकर्मीको संघर्षको कथा पुस्तकमा समेटिएको संघका अध्यक्ष कल्पना श्रेष्ठले बताइन् । संघले नारी दिवसमा विभिन्न कार्यक्रम गर्दै विभिन्न क्षेत्रका महिलालाई सम्मान गर्दै आइरहेको थियौं यसवर्ष भने सहकारीकर्मी दिदीबहिनीको भूमिकाको कथावस्तु समेट्दै पुस्तक प्रकाशन गरिएको बताइन् ।

पुस्तकमा सहकारीका अध्यक्ष, व्यवस्थापक र सहकारीकर्मीको वृतान्त समेटिएको छ । पुस्तकमा ५० जनाको आत्मकथा रहेको श्रेष्ठले जानकारी दिइन् । पुस्तकमा भने एकसय भन्दा बढी सहकारीकर्मीको विवरण राखिएको छ । पुस्तकबाट अन्य सहकारीकर्मीलाई उत्प्रेरणा मिल्ने विश्वास संघको रहेको छ । कोही भन्दा कोही कम नभएको अवस्थाले पुस्तकको नाम १०१ राखिएको अध्यक्ष श्रेष्ठले बताइन् । एक हजार थान प्रकाशन गरिएको पुस्तकको मूल्य पाँच सय राखिएको छ ।

पाँच लाख खर्चमा प्रकाशन गरिएको पुस्तक प्रकाशनलाई प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, हेटौंडा उपमहानगर पालिका, इन्द्रसरोवर गाउँपालिका, राष्ट्रिय वीमा संस्थानलगायत संघ संस्थाको सहयोग रहेको जनाइएको थियो । पत्रकार सम्मेलनमा अध्यक्ष श्रेष्ठ सहित उपाध्यक्ष मीनाकुमारी चौरेल, सचिव वीरेन्द्रप्रसाद ढुंगाना, सहसचिव विजय बस्नेत, कोषाध्यक्ष विष्णुमाया लामालगायत समितिका सदस्यहरुको सहभागिता थियो ।

# अल्पमतमा जम्कट्टेल, बहुमत पुग्न नदिने रणनीतिमा कांग्रेस

निशा गुरुङ



हेटौंडा, २४ फागुन/ सत्तासमीकरणमा फेरबदल आएसँगै बागमती प्रदेशमा पनि माओवादी केन्द्र नेतृत्वको सरकारबाट नेपाली कांग्रेस बाहिरिएको छ ।

कांग्रेसका ६ मन्त्रीले बुधवार राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको प्रदेश सरकार अल्पमतमा परेको हो । नयाँ गठबन्धनमा मुख्यमन्त्रीको भागबण्डामा टुंगो नलागेका कारण बागमतीमा सरकार गठनको प्रक्रिया नै अगाडि बढेको छैन । सरकारबाट बाहिरिएको कांग्रेस सरकार गठनका लागि बहुमत पुग्नै नदिने रणनीतिमा लागेको छ ।

बागमती प्रदेशसभामा नयाँ गठबन्धनका रास्वपा र जसपा छैनन् । एमाले र माओवादीलाई सरकार बनाउन साना दलको समर्थन आवश्यक छ । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको आवश्यक पर्छ । प्रदेश सभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सदस्य छन् ।

एमाले, माओवादी र एकीकृत समाजवादीको कुल सांसद ५५ सदस्य छन् । प्रदेशसभामा बहुमत पुऱ्याउन उनीहरुलाई थप १ जनाको समर्थन चाहिन्छ । हाम्रो नेपाली पार्टीलाई सहभागी गराए मात्र प्रदेशसभामा बुहमत पुग्छ । कांग्रेसले हाम्रो नेपाली पार्टीका सांसदसँग बार्ता अगाडि बढाइसकेको छ । यदि हाम्रो नेपाली पार्टीका सांसदलाई आफ्नो पक्षमा पार्नसके बागमतीमा कांग्रेसकै नेतृत्वमा सरकार बन्ने सम्भावना छ ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामाका अनुसार कांग्रेसले साना दलसँग सहकार्य गरेर जाने विषयमा छलफल गर्ने बताएका छन् । 'कांग्रेसको नेतृत्वमा सरकार निर्माणका लागि पहल गर्छौं । कांग्रेस सरकारबाट बाहिरिएपछि मुख्यमन्त्रीज्युले विश्वासको मत लिनुपर्ने हुन्छ । नेता लामाले भने, 'उहाँले विश्वासको मत लिन सक्नुभएन भने हामी प्रक्रिया अनुसार अगाडि बढ्छौं । र त्यो वातावरण बनाउन हामी अन्य दलका साथीहरुसँग निरन्तर छलफल गर्नेछौं ।'

जम्मकट्टेल नेतृत्वको सरकारलाई समर्थन गरेको हाम्रो नेपाली पार्टीले यसपटक भने कुनै निर्णय गरिसकेको छैन । हाम्रो नेपाली पार्टी संसदीय दलका नेता शैलेन्द्र बज्राचार्यका अनुसार कुन दललाई समर्थन गर्ने भन्ने विषयमा कुनै टुंगो लागि नसकेको बताए । 'हामी सबै दलका नेतासँग छलफलमै छौं । मुख्यमन्त्रीज्यु र कांग्रेस संसदीय दलका नेता बहादुरज्युसँग हाम्रो भेटघाट हुनुका साथै फोन सम्पर्क पनि भइरहेको छ', उनले भने । बज्रचार्यले आफू पदमा जाने भन्दा पनि कुन दलसँग सहकार्य गर्दा जनताको हित हुन्छ त्यही दलसँग सहकार्य गरेर अगाडि बढ्ने बताए ।

# हेटौंडामा अन्तरक्याम्पस टि-२० क्रिकेट प्रतियोगिता



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ हेटौंडा जेसीजको आयोजनामा हेटौंडामा अन्तरक्याम्पस टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । हेटौंडा जेसीज वर्ष १९९२ का अध्यक्ष पूर्ण शाक्यको स्वर्गीय आमा अष्टकुमारी शाक्यको स्मृतिमा फागुन २६ गतेबाट प्रतियोगिता आयोजना गर्न लागिएको पत्रकार सम्मेलनमार्फत् जानकारी गराइएको हो ।

प्रतियोगितामा मकवानपुर को हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, हेटौंडा सिटी कलेज र नारायणी कलेज, बाराको सिमरा क्याम्पस, पर्साको नेशनल इन्फोटेक र चितवनको एरोभा कलेजले सहभागिता जनाउने हेटौंडा जेसीज वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठले जानकारी दिए । प्रतियोगितामा विजेताले ५० हजार रुपैयाँसहित ट्रफि र मेडल प्राप्त गर्नेछन् भने उपविजेताले २५ हजार नगदसहित ट्रफि र मेडल प्राप्त गर्ने उनले बताए ।

त्यस्तै, प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ, उत्कृष्ट ब्याट्सम्यान र बलरलाई पनि जनही पाँच/पाँच हजार रुपैयाँ पुरस्कार प्रदान गरिने उनले बताए । उद्घाटन खेल हेटौंडा-४ हुप्रचौरमा हेटौंडा स्कुल अफ म्यानेजमेन्ट र हेटौंडा सिटी कलेजबीच हुने कार्यक्रम संयोजक सुमन अर्यालले जानकारी दिए । प्रतियोगिता अवधिभर कूल ४ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# झापामा मकवानपुरको लज्जास्पद हार



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ एन्फा मकवानपुरको फुटबल टिम लज्जास्पद हार व्यहोर्दै झापा गोल्डकपको क्वाटरफाइनलबाटै बाहिरिएको छ । मकवानपुर बिहीवार आयोजक झापा-११ सँग पराजित भएको हो ।

बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा भएको अन्तिम क्वाटरफाइनल खेलमा मकवानपुर लाई ५-१ को फराकिलो गोलअन्तरले पराजित गर्दै झापा सेमिफाइनलमा पुगेको छ । झापाको जितमा आदित्य शाक्य, प्रदीप बुढाथोकी, बबिन बोहरा, आशिष चापागाईं र विदेशी खेलाडी मार्कजुयिनर ह्यारिसनले समान एक/एक गोल गरे । मकवानपुरका लागि ओस्कारले सान्त्वना गोल फर्काए । झापाले पहिलो हाफमा पहिलो गोल गर्दा दोस्रो हाफमा थप चार गोल गरेको हो ।

मकवानपुरका ओस्कारले ६९औं मिनेटमा एक गोल फर्काए पनि हारलाई टार्न सकेनन् । समिराज थोकरले दायाँ भागबाट मिलाएको बललाई बक्समा रहेका ओस्कारले वान टचमै गोल गर्न सफल भएका हुन् ।

# ६ महिनामा देशभरि थपियो ११७ किलोमिटर मात्र पक्की सडक



काठमाडौं, २४ फागुन/ नेपालमा आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको अवधिमा ११७ किलोमिटर मात्र पक्की सडक थप भएको छ ।

सरकारको तथ्यांक अनुसार साउनदेखि पुस मसान्तसम्म ९३ किलोमिटर दुई लेन कालोपत्रे सडक थप भएको छ ।

यस अवधिमा २४ किलोमिटर चार लेन सडक कालोपत्रे भएको छ । जसबाट कुल ११ठ किलोमिटर सडक मात्र ६ महिनामा थप भएको प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको एकीकृत अनुगमन प्रणालीले तयार पारेको प्रतिवेदनमा उल्लेख छ ।

असार मसान्तसम्म देशभरि १७ हजार ६९२ किलोमिटर दुई लेन सडक कालोपत्रे रहेको थियो । पुस मसान्तसम्म १७ हजार ७८५ किलोमिटर मात्र दुई लेन कालोपत्रे सडक पुगेको छ । चार लेनतर्फ असार मसान्तसम्म १४४ किलोमिटर कालोपत्रे रहेकामा अहिले १६८ किलोमिटर पुगेको छ ।

सरकारले चालु आर्थिक वर्ष २०८०/८१ भित्र कुल ८ सय किलोमिटर दुई लेन सडक कालोपत्रे गर्ने लक्ष्य लिएको छ । यस वर्ष चारलेन सडक १५० किलोमिटर थप गर्ने लक्ष्य सरकारको छ । तर, पहिलो ६ महिनाको तथ्यांकले सो लक्ष्य भेट्न निकै कठिन हुने देखिएको छ ।

# नयाँ सरकारलाई काँधफेर्ने छुट छैन: महेश बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले यो सरकारलाई काँधफेर्ने छुट नरहेको बताएका छन् । बिहीबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले सरकारले देश र जनताको पक्षमा कामगर्ने सामर्थ्य राख्नुपर्ने बताए ।

'यो सरकारलाई लुलो हुने छुट छैन, यो सरकारलाई कमजोर हुने, असफल हुने छुट छैन । यो सरकारले समग्र देशको हितमा काम गर्ने सामर्थ्य राख्नुपर्छ' उनले भने, 'हिड्दाहिँड्दै काँध गल्यो भने पनि काँधफेर्ने छुट यो सरकारलाई छैन । हिड्दाहिँड्दै आफ्नै भारीले थिचिने वातावरण बनाउने अवस्था छैन ।'

एमालेसहितको सहभागितामा नयाँ सरकार बनेपछि एमाले सत्तापक्षको आसनमा पुगेको भन्दै उनले आसन परिवर्तन भए पनि देशप्रतिको जवाफदेहिता र जनताप्रतिको कर्तव्य परिवर्तन नभएको बताए । 'हाम्रा आसनहरु परिवर्तन भएका छन् । भूमिका फेरिएको छ । तर, देशप्रतिको जवाफदेहिता र जनताप्रतिको कर्तव्य परिवर्तन भएको छैन । हामीले देश र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्छ', उनले भनेका छन् ।


हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना